# अन्नपूर्ण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी

सम्पर्क नं : ९८५७६८३८१०
Email: ito.annamun@gmail.com
Web:annapurnamunmyagdi.gov.np

गण्डकी प्रदेश, नेपाल


प.स.- २०८३/०८४

सुचना नं. ३६

मिति: २०८३/०५/२६

**आय ठेक्का बन्दोवस्त सम्बन्धी सिलबन्दी बोलपत्र आह्वान गरिएकों सूचना !**

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०५/२६**

यस अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार र मिति २०८३/०३/१० गतेको २३ औं गाउँसभाद्वारा पारित आर्थिक ऐन, २०८३ तथा मिति २०८३/०५/२६ गतेको कार्यापालिकाको निर्णय अनुसार तपसिल अनुसारको आय ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही न्यूनतम दरमा बढाबढमा आय ठेक्काको सिलबन्दी बोलपत्र आह्वान गरिएको छ । ईच्छुक फर्म/संस्थाहरुले २०८१/०८२ वा २०८२/०८३ को करचुक्ता प्रमाणपत्र, VAT दर्ता प्रमाणपत्र, फर्म/कम्पनी दर्ता प्रमाणपत्र सहित तोकीएको बोलपत्र फारम दस्तुर कार्यालयमा बुझाई विल सहित संलग्न राखी सूचना प्रकाशन भएको मितिले ७(सात) दिन भित्र कार्यालय समयमा दर्ता गर्नुहुन अनुरोध छ।

तपसिल:

| क्र.सं. | ठेक्का नं. | विवरण | ठेगाना | न्यूनतम अंक रु. (मु.अ. कर बाहेक) | बोलपत्र फारम दस्तुर रकम | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र फारम पेश गर्नुपर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति |
|---|---|---|---|---|---|---|---|---|
| १. | 09/ARM/2083-84 | भुरुङ तातोपानी कुण्डमा क्यान्टीन सञ्चालन र प्रवेश शुल्क सङ्कलन। | अन्नपूर्ण-२, भुरुङ तातोपानी। | ९,५०,०००/- (अक्षरुपी नौ लाख पचास हजार मात्र) | १०००/- | २०८३/०६/०२ गते कार्यालय समय भित्र (५:०० बजे भित्र) | २०८३/०६/०५ गते अपरान्ह १२:०० बजे भित्र | २०८३/०६/०६ गते दिउँसो २:०० बजे |

*नोटः बोलपत्र फारम बुझाउने अन्तिम मितिमा सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनमा बुझाउन सकिने छ।*

शर्तहरु

१. आय ठेक्काको म्याद सम्झौता भएको मितिले ६० (साठी) दिनको मात्र रहनेछ। म्याद समाप्त भएपश्चात गाउँपालिकाको निर्णय अनुसार स्वतः ठेक्का रद्ध वा कबोल रकमलाई आधारभुत अंक मानी सम्झौता थप समेत गर्न सकिनेछ।

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

२. तपसिल बमोजिमका ठेक्काहरुको लागि निर्धारित म्यादभित्र तोकिए बमोजिमका बोलपत्र दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयबाट बोलपत्र फाराम प्राप्त गर्न सकिनेछ ।

३. बोलपत्र पेश गर्न इच्छुक फर्म वा कम्पनीहरु (होटल रेस्टुरेन्ट वा प्रकृति मिल्ने अन्य पर्यटन व्यवसाय सञ्चालक) ले बोलपत्र फारममा आफुले कवोल गर्न चाहेको अंक भरी, अंक र अक्षरमा रकम प्रष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । कम्पनीको हकमा स्थायी लेखा नम्बर प्रमाणपत्र (मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र) र आ.व. २०८१/०८२ वा २०८२/०८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरी धरौटी वापत आफुले कवोल गरेको अंकको ५ प्रतिशत धरौटी वापतको रकम यस कार्यालयको नाममा प्रभु बैंक, अन्नपूर्ण शाखामा रहेको धरौटी खाता नं. १५४०११०४१२६०००४६ मा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तीमा ९० दिनको मान्यता प्राप्त बैंकको सक्कल जमानतपत्र संलग्न गरी तोकिए बमोजिमको मिति र समयमा अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ। रितपूर्वक दाखिला हुन आएका सिलबन्दी बोलपत्रहरु तोकिएको मिति र समयमा कार्यालय प्रतिनिधि तथा बोलपत्रदाताको रोहवरमा खोलिने छ ।बोलपत्रदाता उपस्थित नभएको खण्डमा समेत बोलपत्र खोल्न बाधा पर्नेछैन ।

४. बोलपत्र फारमको खाम बाहिर ठेक्काको नाम खुल्नेगरी कार्यालयलाई सम्बोधन गरि पेश गर्नुपर्नेछ ।

५. आफुले पेश गरेको बोलपत्र फाराममा कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ। अंक केरमेट भएमा अक्षरलाई मान्यता दिइनेछ। रितपूर्वक दाखिला भएका बोलपत्रहरु स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

६. ठेक्का सम्झौता गर्न आउदा आफुले कबोल गरेको अंकको 1.5 प्रतिशतले हुन आउने अग्रिम आयकर र १३ प्रतिशत मूल्य अभिवृद्धि कर सम्बन्धित शिर्षकहरुमा दाखिला र कबोल रकम अन्नपूर्ण गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. १५४०११०४१२६०००५६ मा अग्रिम दाखिला गर्नुपर्नेछ ।

७. यस सूचनामा उल्लेख नभएका अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

८. थप जानकारीको लागी गाउँपालिकाको इमेल ठेगाना ito.annamun@gmail.com वा कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

२०८२/०७/२६

कपिल पाण्डे

प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध अन्नपूर्ण निर्माणको आधार:दिगो कृषि,पर्यटन,उर्जा र उत्थानशील पूर्वाधार"